## खोप कहाँ लगाउने

खोपारोपण निम्न द्वारा प्रदान गरिन्छ:

- जिपीहरु
- अबोरिजीनल चिकित्सा सेवाहरु
- केहि स्थानीय परिषदहरु
- केहि सामुदायिक स्वास्थ्य केन्द्रहरु

यदि तपाईं आफ्नो क्षेत्रमा कुन सेवाहरु उपलब्ध छन् भन्ने बारेमा अनिश्चित हुनुहुन्छ भने, तपाईं **आफ्नो सबैभन्दा नजिकको पब्लिक हेल्थ यूनिटलाई 1300 066 055 मा सम्पर्क गर्न सक्नु हुनेछ**



SAVE THE DATE TO VACCINATE




प्रतिरक्षणको बारेमा थप जानकारीको लागि **immunisation.health.nsw.gov.au** मा जानुहोस् र चलाऊन सजिलो SAVE THE DATE फोन ऐप डाउनलोड गरि खोपारोपण गर्ने मिति सुरक्षित गर्नुहोस् वा निजी तालिकाको प्रति छाप्नु होस्।

NSW GOVERNMENT | Health

SHPN (CHP) 150338

NEPALI

# रोग लाग्न नदिनका लागि ढिलो नगरि समयमै खोप लगाउनुहोस्

SAVE THE DATE TO VACCINATE



NSW GOVERNMENT | Health

## तथ्यहरु

यदि खोप लाई समयमा नै पुरा गरेमा यस्ले सबैभन्दा राम्रो सुरक्षा प्रदान गर्दछ। तपाईंको सानो बच्चा केहि अस्वस्थ भएको बखत खोप लगाउन केहि ढिलाई हुनु एक सामान्य कुरा हो। तर सत्य त यो हो कि, बच्चाहरु लाई साधारण रुघा र चिसो लाग्दा वा नाक बहदा पनि उनीहरु लाई खोप लागाउन सकिन्छ। तपाईंको बच्चालाई गंभीर रोगबाट बचाउन सबै भन्दा उत्तम उपाय समयोचित खोप दिनु हो।



## किन खोप लगाउने

- तपाईंको बच्चालाई गंभीर रोगबाट बचाउने सबै भन्दा उत्तम उपाय खोप लगाउनु हो
- खोप लगाई तपाईं आफ्नो बच्चा तथा बिस्तृत समाज लाई पनि सुरक्षित राख्नु हुनेछ
- जति धैरै मानिसहरु जो आफ्ना बच्चाहरु लाई खोप दिन्छन्, खोप लगाएर रोकिने खतरनाक रोगहरुको नियन्त्रण गर्ने हाम्रो क्षमता उति नै बढ्दछ





## कहिले खोप लगाउने

एनएसडब्ल्यू प्रतिरक्षा तालिका सुझाब दिन्छ कि बच्चाहरु लाई निम्न उमेरमा खोप दिईनु पर्दछ:

- जन्मदा
- ६–८ हफ्तामा
- ४ महिनामा
- ६ महिनामा
- १२ महिनामा
- १८ महिनामा
- ३१/२–४ बर्षमा

तपाईंको बच्चालाई समयमा खोप दिनु जरुरि छ। त्यसैले समय अगावै मिति तय गर्नुहोस्, आफ्नो चिकित्सक वा प्रतिरक्षण सेवा प्रदान गर्ने निकाय संग समय मिलाई खोप दिने मिती सुरक्षित गर्नुहोस्।

चलाऊन सजिलो SAVE THE DATE फोन ऐप डाउनलोड गर्नुहोस् वा immunisation.health.nsw.gov.au मा जानु भई निजी तालिकाको प्रति छाप्नु होस्।



## खोपका दुष्प्रभावहरु

खोपहरु सुरक्षित र प्रभावकारी छन्। खोपारोपणका फाईदाहरुले कुनै पनि खतराहरु लाई सोचे भन्दा अधिक रुपले उछिन्दछ। तथापि, अरु औषधि सरह, खोपले पनि कहिले काहिँ दुष्प्रभाव पार्न सक्दछ। यी आम तबरमा हल्का तथा छोटो समय रहने खालका हुन्छन् र जस्मा दुखाई सामेल रहने हुन्छ, सुई दिएको भागमा सुन्निने र रातोपना रहन्छ। यस बाट हुने गंभीर दुष्प्रभावहरु अति नै दुर्लभ छन्।

यदि तपाईंलाई यस्का संभावित दुष्प्रभावहरु सम्बन्धित कुनै चिन्ता छ भने, **आफ्नो चिकित्सक वा प्रतिरक्षण सेवा प्रदान गर्ने निकाय सँग कुरा गर्नुहोस्।**



## तथ्यांक बिवरणहरु राख्ने

तपाईंले आफ्नो बच्चाको खोपका बिवरणहरु बच्चाको देखभाल केन्द्र, प्रीस्कूल तथा बिध्यालयमा बच्चाको नाम लेखाउँदा उपलब्ध गराउनु पर्ने हुन सक्तछ। प्रतिरक्षण रजिस्टरलाई 1800 653 809 मा सम्पर्क गरि, रोग प्रतिरक्षणका पूर्व बिवरणहरु प्राप्त गर्नुहोस्।